# नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको लागि विभिन्न सामग्री तथा सुरक्षा सेवा खरिदसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७६/१०/१४**

नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको आ.व. २०७६/०७७ को लागि आवश्यक पर्ने देहायअनुसारका सामग्री तथा सुरक्षा सेवा खरिद गर्नका लागि इजाजतप्राप्त इच्छुक आपूर्तिकर्ताहरूबाट निम्नलिखित सर्तहरूको अधीनमा रही छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

## तपसिल:

| क्र.सं. | बिबरण | आवश्यक सङ्ख्या |
|---|---|---|
| क | सुरक्षा सेवा खरिदसम्बन्धी | केही |
| ख | स्काउट पसलको लागि सामग्री खरिद | आवश्यकतानुसार |
| ग | ट्राभल एजेन्सीसम्बन्धी | आवश्यकतानुसार |
| घ | स्लिपिङ ब्याग खरिद | १००० थान |

## सर्तहरू

१) दरभाउपत्र प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५औं दिन (बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) भित्र व्यक्ति वा फर्महरूले निवेदन दिई रु.१,०००/- (फिर्ता नहुने गरी) बुझाई कार्यालय समयभित्र दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२) खरिद भएको दरभाउपत्र फाराम प्रष्टसँग भरी व्यक्ति वा फर्मले प्रत्येक पानामा सहीछाप गरी, सिलबन्दी गरी खामबाहिर व्यक्ति वा फर्मको नाम, ठेगाना, सम्पर्क फोन प्रष्टसँग लेखी १६औं दिन (बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) दिनको १२:०० बजेसम्ममा यस कार्यालयमा दर्ता गराउनुपर्नेछ। दर्ता भएका दरभाउपत्रहरू सोही दिन दिनको ३:०० बजे उपस्थित दरभाउपत्रदाताहरू तथा निजका प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। दरभाउपत्रदाताहरू तथा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोलिने छ।

३) एक व्यक्ति वा फर्मको नाममा खरिद भएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट बुझाउन पाइने छैन र उल्लेखित कार्य गर्न सम्बन्धित क्षेत्रमा ५ वर्षको अनुभव भएको हुनुपर्नेछ। साथै उल्लेखित सामग्रीहरू आपूर्तिको लागि सोसम्बन्धी स्पेसिफिकेसन यस कार्यालयबाट उपलब्ध गराइनेछ।

४) दरभाउपत्र सर्तरहित, केरमेट नभएको, नेपाल स्काउटले उपलब्ध गराइएको दरभाउपत्र फारामभा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ। समयभित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाका सर्तविपरीत भएको दरभाउपत्र माथि कुनै कारबाही हुनेछैन। केरमेट भएको खण्डमा सम्बन्धित व्यक्ति वा फर्मको सहीछाप लगाएको हुनुपर्नेछ।

५) दरभाउपत्र भर्दा दररेट स्पष्ट रूपमा अक्षर र अङ्कमा उल्लेख गर्नुपर्नेछ। अक्षर र अङ्कमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

६) दरभाउपत्रसम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समयभित्र नेपाल स्काउट लैनचौरमा सम्पर्क गर्न सकिने।

७) यस सूचनामा नपरेका अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) र अन्य प्रचलित ऐन नियमानुसार हुनेछ। साथै सुरक्षा सेवा आपूर्तिको लागि श्रम ऐन २०७४ र नियमावली २०७५ अनुसार हुनेछ।


**नेपाल स्काउट**

**राष्ट्रिय प्रधान कार्यालय**

**लैनचौर, काठमाडौं**

**फोन:** ४४१९००१, ४४२५७६२, **फ्याक्स:** ४४१३३६९

**Email: info@nepalscouts.org**